# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०७६/७/०४

## भाग-२

## सुर्यगढी गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/३/१२**

**सम्बत २०७४ सालको नियमावली नं : १**

# सुर्यगढी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६

सुर्यगढी गाउँपालिकामा छिटो छरितो, मितब्ययी, पारदर्शीरुपमा आर्थिक सहायता प्रदान गर्न, गाउँपालिकाको कोषको सही सदुपयोग गरी गरिब, बिपन्न, असहायहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरि सुर्यगढी गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "सुर्यगढी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले सुर्यगढी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले सुर्यगढी गाउँकार्यपालिका सम्झनु पर्छ ।

(च) "गाउँबासी" भन्नाले गाउँपालिकामा स्थायी वा अस्थायी रुपले बसोबास गर्ने व्यक्ति, गाउँपालिकाको कर्मचारी, गाउँपालिकामा बेबारिसे रुपमा फेला परेको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "आर्थिक सहायता" भन्नाले सुर्यगढी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्छ ।

## परिच्छेद २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. मापदण्डः गाउँपालिकाले प्रदान गर्ने मापदण्ड देहाय बमोजिम हुनेछ ।**

१) दुर्घटनाः गाउपालिका क्षेत्रमा कुनै ठुलो दुर्घटना भई गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको तथा तत्काल उद्धार एवं उपचार गराउनु पर्ने अवस्थामा रु १ हजार देखि १० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

२) दिर्घरोग तथा अन्य उपचारः गाउँबासीहरुमध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसिस गर्नुपर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएको तथा गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको

व्यक्तिलाई अवस्था हेरी १ हजार देखि १० हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

३) गरिब तथा असहायः यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको आर्थिक अबस्था कमजोर भई सामाजिक जीवनयापन सहज बनाउन सहायता आवश्यक भएको, आर्थिक अभावले शिक्षामा वाधा परेको, एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेबारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनुपरेको, ज्येष्ठ नागरिक भत्ता नपाउने गरेको त्यस्ता असहायको अवस्था हेरी रु.१ हजार देखि १० हजार सम्म सहायता दिन सकिनेछ ।

४) प्राकृतिक विपत्ति तथा विपदमा परेका घरबार विहिन व्यक्तिहरुः यस गाउँपालिका क्षेत्रमा प्राकृतिक विपत्ति तथा विपद् परि खाद्यान्न लत्ताकपडा समेत जोगाउन नसकिने गरि घर क्षति हुन गएमा रकम रु. ५० हजार सम्म र धनजनको क्षति भई सामाजिक जीवनयापनमा प्रतिकुल असर परेकोमा अवस्था हेरी रकम रु. ५ हजार देखि २० हजार सम्म आर्थिक सहायता दिन सकिनेछ ।

५) संघ सगंठन : यस गाउँपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका सघं संस्थाले गाउँपालिकाको सार्वजनिक हित प्रबर्द्धनमा सकरात्मक प्रभाव पर्ने गरी आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गर्न सकिनेछ ।

(क) वडा वा गाउँपालिकास्तरीय कार्यक्रममा प्रकृति हेरी एक पटकमा रु. १ हजार देखि १० हजारसम्म ।

(ख) जिल्ला स्तरीय वा सो भन्दा माथिका कार्यक्रमहरुमा कार्यक्रमको प्रकृति हेरी रु. ५ हजार देखि १५ हजार सम्म ।

## परिच्छेद ३

## आर्थिक सहायता भुक्तानी प्रकृया

**४. भुक्तानी प्रकृयाः आर्थिक सहायताको भूक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।**

१) मानबीय सहायता : दफा ३ को उपदफा (१) (२) (३) (४) बमोजिमको आर्थिक सहायता माग गर्ने व्यक्तिले देहाय बमोजिमका कागजात साथै राखि नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी, आवश्यक देखिएमा वडा कार्यालयको सिफारिस ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात समेत ।

ग) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का समेत ।

२) संघ सगंठनको हकमा आधिकारिक पत्र ।

३) उपदफा १ र २ बमोजिमका कागजात अध्ययन गरी दफा ३ को मापदण्ड अनुसार प्रमुख प्रशासकिय अधिकृतबाट रु. ३०००। सम्म र सो भन्दा बढी गाउँपालिका अध्यक्षको तोक आदेशमा गाउँकार्यपालिकाको कार्यालयले आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

४) गाउबासीलाई दफा ३ बमोजिम मापदण्ड अनुसारको सहायता न्यून हुने र सो भन्दा बढी सहायता उपलब्ध गराउन उपयुक्त हुने मनासिव कारण भएमा निजको निवेदन र प्रमाणसमेत गाउँकार्यपालिकाको बैठकमा पेश गरी निर्णय भए अनुसार आर्थिक सहायता उपलब्ध गराउनुपर्नेछ ।

५) सहायता रकम चेक मार्फत उपलब्ध गराउनुपर्ने छ ।

**५.** **बचाउः** यस कार्यविधि जारी गर्नुभन्दा पहिले सुर्यगढी गाउँ कार्यपालिकाको निर्णय बमोजिम भएको आर्थिक सहायता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,

उत्तम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत